राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : २७२ ।। २०७९ मंसिर ०९ गते शुक्रबार (25th Nov 2022 Friday) | **Pratidin** National Daily | dNo-?÷%÷-

झापा-३ बाट राप्रपा अध्यक्ष लिङ्देन निर्वाचित

झापा(प्रस) ।झापा क्षेत्र नम्बर ३ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देन प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई ३ हजार २ सय ७६ मतान्तरले पराजित गर्दै लिङ्देन लगातार दोस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । एमालेसँग चुनावी तालमेल गरी झापा क्षेत्र नम्बर ३ बाट लिङ्देन उम्मेदवार बनेका थिए । लिङ्देनले ४० हजार ६६२ मत ल्याएकोमा सिटौलाले ३७ हजार ३८६ मत प्राप्त गरेका छन् । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश पाठकले ३ हजार ४६१ मत ल्याएका छन् ।यस क्षेत्रमा १ लाख ३१ हजार ४३२ मतदाता रहेकोमा ८९ हजार ६३७ मत खसेको मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले जानकारी दिए । नेता सिटौलालाई नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) को त्रिपक्षीय समर्थन थियो भने राप्रपा अध्यक्ष लिङ्देनलाई नेकपा (एमाले)को दर्बिलो समर्थन थियो । यसअघि लिङ्देनले गत २०७४ सालको निर्वाचनमा पनि सिटौलालाई पराजित गरेका थिए । गत २०७४ को प्रतिनिधिसभा निर्वाचनमा अध्यक्ष लिङ्देन ४४ हजार ६१४ मत ल्याएर विजयी भएका थिए भने नेता सिटौलाले ३१ हजार १५९ मत ल्याएका थिए । राप्रपाको केन्द्रीय सदस्य, महामन्त्रीलगायतका जिम्मेवारी सम्हालिसकेका ५६ वर्षीय लिङ्देन पार्टीको एकता महाधिवेशनबाट कमल थापालाई हल्दिबारी गाउँपालिका-१ घर भएका लिङ्देन २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसका नेता सिटौलालाई हराएर चर्चित बनेका थिए । लिङ्देनको जन्म भने वि.सं. २०२२ साल भदौ २२ गते पाँचथरको अमरपुरमा भएको थियो ।

उनको राजनीतिक यात्रा २०३६ सालबाट सुरु भएको थियो । २०३६ सालमा राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलमा उनी आवद्ध भएका थिए । २०४७ सालमा राप्रपाको झापा जिल्ला सचिव बने । २०४९ सालमा राप्रपाको विद्यार्थी संगठन (राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन) बन्दा उनी संस्थापक अध्यक्ष बने । २०४७ पछि स्थापित राप्रपाको जिल्ला तहको पदाधिकारीदेखि २०६६ सालमा पार्टी केन्द्रीय सदस्य र त्यसपछि महामन्त्रीको रुपमा उनी कार्यरत रहे । पिता मानप्रसाद र माता धनकुमारीका छोरा लिङ्देनले राजनीतिशास्त्र र इतिहासमा स्नातकसम्म अध्ययन गरेका छन् ।

स्थानीय निकायको निर्वाचनमा तत्कालीन गोलधाप गाविस वडा नम्बर-३ बाट २ पटकसम्म वडाध्यक्ष बनेका उनी वि.सं. २०६१ देखि २०६३ सम्म जिविस झापाको सभापतिसमेत बने । राजनीतिक आन्दोलनको क्रममा पटक-पटक हिरासतमा बिताएका उनी २०३८ र २०४७ सालमा दुई पटक जेल परेका थिए । उनले ९ महिनाभन्दा बढी समय बन्दी जीवन बिताएका थिए ।

झापा ५(१) मा एमालेका कार्की र ५(२)थापा विजयी

झापा(प्रस) । झापा क्षेत्र नं. ५ (२) मा एमालेका होमबहादुर थापा निर्वाचित भएका छन् । बिहीबार सार्वजनिक अन्तिम मतपरिणामअनुसार थापाले गठबन्धनअन्तर्गत माओवादी केन्द्रका गगन पुरीलाई ६ हजार ८ सय १४ मतान्तरले पराजित गरे । निर्वाचित थापाले २४ हजार १ सय २९ मत पाए । पुरीले १७ हजार ३ सय १५ मत पाएका छन् । त्यस्तै क्षेत्र नं ५ (१)मा एमालेकै हिक्मतकुमार कार्की विजयी भएका छन् । लगातार दोस्रो कार्यकालका निर्वाचित कार्कीले २२ हजार ५३० मत ल्याए । उनका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जीवनकुमार राईले १७ हजार ५८ मत प्राप्त गरेका छन् । योसंगै एमालेले क्षेत्र नं ५ मा प्यानल नै जितेको छ । यसअघि गत २०७४ को निर्वाचनमा पनि एमाले अध्यक्ष केपी ओलीको सो क्षेत्रमा एमालेले प्यानल नै जितेको थियो ।

झापा- ४ मा दोस्रो कार्यकालका लागि एमालेका साँवा निर्वाचित

झापा(प्रस) । झापा क्षेत्र नम्बर ४ बाट नेकपा एमालेका लालबहादुर साँवा (एलपि) निर्वाचित भएका छन् ।

उनी दोस्रो पटक संघीय सांसदमा निर्वाचित भएका हुन् । राप्रपासँग चुनावी तालमेल गरी झापा ४ बाट उम्मेदवार बनेका साँवाले सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली काँग्रेसका देउकुमार थेबेलाई ६ हजार ८६७ फराकिलो मतान्तर पराजित गरेका हुन् । थेबे कांग्रेसका जिल्ला सभापति हुन् ।

साँवाले २९ हजार ३१५ मत प्राप्त गर्दा थेबेले २२ हजार ४४८ मत प्राप्त गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका शम्भुप्रसाद ढकाल १४ हजार ०६९ मत ल्याई तेस्रो भएका छन् । झापा ४ मा १ लाख २३ हजार १२४ कुल मतदाता रहेको ७९ हजार ४८३ मत गणना भएको थियो । त्यसमा ४ हजार ६४७ मत बदर भएको छ । गत २०७४ को निर्वाचनमा पनि थेबे साँवासंगै पराजित भएका थिए ।

चितवन-२ मा लामिछाने ३४ हजारभन्दा बढी मतान्तरसहित विजयी

झापा(प्रस) । नवगठित राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सभापति रवि लामिछाने चितवन-२ बाट भारी मतान्तरसहित प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् ।

लामिछानेले ४९ हजार २६१ मत ल्याउँदा उनका निकटतम् प्रतिस्पर्धी सत्तारूढ गठबन्धनका तर्फबाट

उम्मेदवार रहेका उमेश श्रेष्ठको १४ हजार ९ सय ८३ मत आएको मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले बताए । लामिछाने ३४ हजार २ सय ८१ मतान्तर कायम गर्दै विजयी भएका छन् ।

एमाले उम्मेदवार कृष्णभक्त पोखरेलको १४ हजार ६ सय ४७ मत आएको छ । कृष्णभक्त पोखरेल ७४ सालको निर्वाचनमा निकटतम् प्रतिस्पर्धी कांग्रेसका शेषनाथ अधिकारीभन्दा १७ हजार ३५६ मत बढी ल्याएर चितवन-२ बाटै प्रतिनिधिसभा सदस्यमा विजयी भएका थिए ।

चितवन-२ मा कुल मतदाता एक लाख २४ हजार २१४ रहेकोमा आइतबार भएको मतदानमा ८४ हजार ३१५ मत खसेको सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यले जानकारी दिए ।

पूर्व प्रधानमन्त्री दाहाल र नेपाल निर्वाचित

झापा(प्रस) । सत्ता गठबन्धन गरेका पूर्व प्रधानमन्त्रीहरु पुष्पकमल दाहाल र माधवकुमार नेपालले निर्वाचन जितेका छन् । गोरखा क्षेत्र नम्बर २ मा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल भारी मतान्तरले विजयी भएका हुन् । उनले २६ हजार १ सय ३ मत ल्याए ।

उनका निकटतम् प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका कवीन्द्र बुर्लाकोटी १२ हजार ६ सय ३७ मत ल्याएर पराजित बने । नेकपा एमालेका अब्दुस मिँयाले भने ७ हजार ३ सय ९३ मत प्राप्त गरेका छन् ।

गोरखा-२ मा ५४ हजार ३१ मत खसेको थियो । त्यसमध्ये ५० हजार ९ सय ७ सदर र ३ हजार १ सय २४ बदर भएको थियो ।

त्यस्तै रौतहट क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा नेकपा एकीकृत समाजवादीका माधवकुमार नेपाल विजयी भएका छन् । नेपालले नेकपा एमालेका अजयकुमार गुप्तालाई ६ हजार ६ सय मतान्तरले पराजित गरेका हुन् ।

नेपालले ३३ हजार ५२२ मत ल्याएका छन् भने एमालेका गुप्ताले २६ हजार ९२२ मत पाएका छन् । यहाँ जनमत पार्टीका राजेन्द्रप्रसाद साहले १ हजार ४११, स्वतन्त्र उम्मेदवार राहुलकुमार मिश्रले ४५४, राष्ट्रिय प्रजातन्त्र पार्टीका सरोजकुमारीले ३५३ मत पाएकी छिन् ।

नेपाल ०७४ मा काठमाडौं-२ बाट निर्वाचित भएका थिए । तर एमाले विभाजित भएपछि एकीकृत समाजवादीको अध्यक्ष बनेका नेपाल यसपटक कांग्रेस नेतृत्वको लोकतान्त्रिक बाम गठबन्धनबाट उम्मेदवार थिए ।

स्वतन्त्र पार्टी उदाउनु मामुली : ओली

झापा(प्रस) । एमाले अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय राजनीतिमा स्वतन्त्र पार्टी उदाउनु मामुली कुरा भएको टिप्पणी गरेका छन् । झापा-५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि प्रमाणपत्र ग्रहणका लागि बिहीवार दिउँसो झापा ओर्लिएका ओलीले भद्रपुर विमानस्थलमा सञ्चारकर्मीसँगको संक्षिप्त कुराकानीमा भने,' स्वतन्त्र पार्टी मिडियाको कृपाले उदाएको हो, यो ठूलो कुरा होइन ।' यसैबीच झापा ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र ग्रहण गर्दै ओलीले अबको सरकार बनाउन गाह्रो हुने बताए । 'देशभरको परिणाम हेर्दा संसदमा सरकार बनाउन गाह्रो हुन्छ,' उनले भने, 'सरकार बनाए पनि त्यसलाई टिकाउन झन् गाह्रो हुने भयो ।' अब मिलिजुली सरकार बनाउनेतिर देश गएको बताउँदै उनले भने, ' अब हरेक सांसदको भाउ बढ्ने भयो, देशको राजनीति एक दुई महिना सरकार गठनको खेलमा निरन्तर दोहोरिने भयो ।' ओलीले निर्वाचनपछि मुलुकमा थप अस्थिरता पैदा हुने बताए । निर्वाचनले मुलुकलाई स्थायित्व र स्थिर सरकार बनाउने आशा गरिएपनि त्यसो हुन नसकेको उनको टिप्पणी छ । दमक आएर मतदातालाई धन्यवाद दिने क्रममा ओलीले

निर्वाचन परिणामले सुरुवातदेखि नै दल तथा सांसदहरुको मोलमोलाई सुरु हुने दाबी गरे । 'निर्वाचनपछि मुलुकमा स्थिर सरकार बन्छ । मुलुकले एउटा दिशा पाउछ भन्ने आशा थियो । तर, त्यसो भएन,' उनले भने,'अहिलेसम्मको परिणामले कुनै पनि दलको बहुमत नपुग्ने भयो । यसले निर्वाचनपछिको सरकार बनाउनै मुश्किल हुने अवस्था छ । फेरि पनि सुरुदेखि नै दलहरुको मोलतोल र सांसदहरुको भाउ कसेर किनबेच चल्ने भयो ।' दलहरुले मतदाताको भावना र चाहनालाई सम्बोधन गर्न नसक्दा केही दल तथा सांसद भाग्यवस संसद्को यात्रा तय गर्न सफल भएको उनले टिप्पणी गरे । ओलीले अब बन्ने सरकारले फेरि पनि मुलुक र जनताको लागि काम गर्न नसक्ने दाबी गरे । 'अब बन्ने सरकारले फेरि पनि जनता र मुलुक विकासको काम गर्न नसक्ने भयो । बहुमतको सरकार नबन्ने भएपछि दलहरु आफ्नो सरकार जोगाउन सांसदको मोलतोल, लेनदेन र भागबन्डामै लाग्दा ठीक्क हुन्छ,' उनले भने । उनले अब सरकार बनाउन र जोगाउन योग्यताभन्दा पनि टाउका हेरेर मोलतोल गर्नुपर्ने अवस्था सिर्जना भएको बताए । उनी शुक्रबार कमल, गौरादह र गौरीगञ्जलगायतका गाउँपालिकामा आयोजना हुने कार्यक्रममा उनी सहभागी हुने बताइएको छ ।

स्थापनाको हिसाबले सबैभन्दा कान्छो पार्टीका रूपमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले संघीय राजधानीमै ठूला भनिएका पार्टीहरूलाई धक्का दिएको छ । काठमाडौं उपत्यकाका १५ मध्ये ५ मा यस पार्टीले जित हात पारेको छ । काठमाडौं-२ बाट सोबिता गौतम, काठमाडौ-६ बाट शिशिर खनाल, काठमाडौं-७ बाट गणेश पराजुली, काठमाडौं-८ बाट विराजभक्त श्रेष्ठले जितेका छन् । त्यस्तै ललितपुर-३ मा पनि रास्वपा उम्मेदवार डा. तोसिमा कार्की विजयी भएकी छिन् । चितवन-२ मा पार्टी सभापति लामिछाने निकटतम् प्रतिस्पर्धीभन्दा ३४ हजार बढी मतले विजयी भएका छन् । पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे र राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदबाट राजीनामा दिएर प्रतिनिधिसभा उम्मेदवार भएका अर्थशास्त्री विश्वनाथ पौडेललाई पराजित गर्दै चितवन १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकाल विजयी भएका छन् । त्यस्तै सुनसरी-१ मा पनि रास्वपा उम्मेदवार अग्रस्थानमा छन् । समानुपातिकतर्फ पनि रास्वपा तेस्रो स्थानमा रहेको छ ।

सञ्चारकर्मीका रूपमा परिचित रवि लामिछानेले २०७९ असार ७ गते यो पार्टी गठन गरेका हुन् । 'देश बदल्नका लागि राजनीतिक दल आवश्यक' हुने भन्दै लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरेका हुन् । यस पार्टीको चुनाव चिन्ह 'घण्टी' रहेको छ ।

गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, झापा

साधारणसभा सरेको सूचना

यस गौरवशाली बचत तथा ऋण सहकारी संस्था बिर्तामोड ५ को १३ औं वार्षिक साधारणसभा मंसिर १७ गते हुने भनिएकोमा कारणवश मंसिर २४ गते सार्नु परेकाले सोही मितिमा साविक समय र स्थानमा उपस्थित भइदिनु हुन सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

साधारणसभा हुने मिति - मंसिर २४ गते शनिवार
स्थान- पर्यटकीय स्थल जामुनखाडी
समय- बिहान ९.३० बजेदेखि

लवकुमार चौधरी
अध्यक्ष

मोरङमा ५ मा स्वतन्त्र उम्मेदवार मण्डल निर्वाचित

झापा(प्रस) । सत्ता गठबन्धन र एमाले-जसपा गठबन्धनका उम्मेदवारहरुलाई पराजित गर्दै मोरङ ५ मा स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल निर्वाचित भएका छन् । एमालेले मण्डललाई टिकट नदिएर जसपासँग गठबन्धन गरेपछि उनी स्वतन्त्र रुपमा चुनावी मैदानमा उत्रिएका थिए । मण्डल २१ हजार ८ सय २० मत ल्याउँदै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका शिवकुमार मण्डललाई ४ हजार ३३४ मतान्तरले उनले पराजित गरेका हुन् । पराजित शिवकुमारले १७ हजार ४८६ मत ल्याएका छन् । यस्तै, जनता समाजवादी पार्टीका उम्मेदवार राजकुमार यादवले १७ हजार ३ सय ९० मत ल्याए ।

प्रधानमन्त्रीमा शशांकको दाबी

झापा(प्रस) । पूर्वी नवलपरासी क्षेत्र नम्बर १ बाट लगातार चौथो पटक प्रतिनिधिसभा सदस्यमा विजयी कांग्रेस नेता शशांक कोइरालाले आफूले दलको संसदीय नेता हुन उम्मेदवारी दिने र प्रधानमन्त्रीको दावी गर्ने बताएका छन् ।

सञ्चारकर्मीसँग बोल्दै कोइरालाले

प्रतिनिधिसभा सदस्यका लागि विजय भएपछि कावासोतीमा बिहीवार यो पटक प्रधानमन्त्रीको दावी गर्ने धेरै देखिएको र आफ्नो पनि दाबी रहने सुनाए । 'प्रधानमन्त्रीमा फेरि शेरबहादुर देउवा पनि लड्नु होला, गगनजीको पनि दावी छ, मेरो पनि रहन्छ' उनले भने 'अब मिलिजुली सरकार निर्माण हुने भएकाले त्यसको स्थायित्वका लागि ध्यान दिनुपर्ने अवस्था छ ।' युवाहरुलाई अघि बढाउनुको विकल्प नरहेको पनि उनले बताए । 'देशभर यस पटकको निर्वाचनले युवाहरुलाई अघि बढाऊ भन्ने सन्देश दिएको छ' उनले भने 'त्यसलाई आत्मसात गर्नुपर्ने अवस्था राम्ररी बुझेको छु ।' जिल्लामा राष्ट्रिय लेबलको ट्रमा सेन्टर र अन्तर्राष्ट्रिय खेलमैदान बनाई छाड्ने उनले दावी गरे ।

दाहाललाई ओलीको टेलिफोन

झापा(प्रस) । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई टेलिफोन गर्दै सहकार्य गरेर जाने संभावनाबारे जिज्ञासा राखेका छन् । चुनाव जितेपछि बधाई दिनका लागि ओलीले गरेको टेलिफोनका क्रममा उनले पुरानो तिक्तता भुलेर आगामी दिनमा सहकार्यबारे कुरा गरेका थिए ।

दाहालको सचिवालयले ले टेलिफोन संवाद भएको पुष्टि गरे । 'अध्यक्ष ओलीको चासो आगामी दिनका कसरी जाने भन्ने विषयमा रहेको थियो' दाहालका स्वकीय सचिव रमेश मल्लले भने । नेकपाको विभाजनपछि दुवै नेताहरु तिक्कतापूर्ण सम्बन्ध रहँदै आएको थियो । २०७७ माघमा नेकपा विभाजन भएपछि अमेरिकाको मेलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को विषयमा संसदमा विवाद भएको समयमा दुवै नेताबीच भेटघाट भएको थियो । ओलीले प्रधानमन्त्री शेरबहादुर देउवा र देउवाले अध्यक्ष दाहाललाई टेलिफोन गरेर बधाई दिएका थिए ।

रौतहटमा प्रभु साह लगातार चौथोपटक विजयी

झापा(प्रस)। रौतहट निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा स्वतन्त्र उम्मेदवार प्रभु साह विजयी भएका छन् । साहले निकटतम् प्रतिस्पर्धी अर्का स्वतन्त्र उम्मेदवार ओमप्रकाश जैसवाललाई ७ हजार २३७ मतान्तरले पराजित गरे ।साह यस क्षेत्रबाट निरन्तर जित्दै आएका छन् । उनको यो लगातार चौथो जित हो । २०६४ सालदेखि साहले यस क्षेत्रबाट प्रतिनिधित्व गर्दै आएका छन् ।

निर्वाचन अधिकृत मेघनाथ चापागाईंका अनुसार स्वतन्त्र उम्मेदवार साह ३२ हजार ४३७ मतसहित विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी अर्का स्वतन्त्र ओमप्रकाशले २५ हजार २०० मत पाए ।

माओवादी केन्द्रका रविन्द्र पटेलले ८ हजार ५५८ मत पाएका छन् । सत्ता गठबन्धनले सघाउने भने पनि साहविरुद्ध कांग्रेस, एकीकृत समाजवादी, नेकपा एमाले र जसपाका उम्मेदवारले मोर्चाबन्दी गरेको साहनिकट कार्यकर्ताहरूको आरोप छ ।

नेकपा एमाले तत्कालीन स्थायी समिति सदस्यसमेत रहेका साहले मनोनयन दर्ताको अन्तिम समयमा पार्टीको टिकट त्यागेर स्वतन्त्रबाट उम्मेवारी दर्ता गराएका थिए । जसपाको भागमा परेको मधेश प्रदेशका ८ जिल्लामा प्रतिनिधिसभातर्फ ८ र प्रदेशसभातर्फ १७ गरी २५ जनालाई साहले आफ्नो टिमबाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए ।

साह २०६३ मा माओवादीबाट अन्तरिम व्यवस्थापिका संसद् को सदस्य थिए । संविधानसभामा २०६४ र २०७० मा रौतहट ३ बाट निर्वाचित भए । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा माओवादी केन्द्रबाट निर्वाचित भए । तत्कालीन नेकपा विभाजित भएपछि एमालेतर्फ लागेका साहको सांसद पद खारेज भएको थियो ।

पाँचथर प्रदेशसभा २ मा माओवादी केन्द्रका आङ्बो विजयी

पाँचथर(प्रस) । पाँचथरको प्रदेशसभा निर्वाचन क्षेत्र २ बाट सत्ता गठबन्धनका साझा उम्मेदवार इन्द्रबहादुर आङ्बो (मौसम) विजयी भएका छन् । प्रतिस्पर्धी नेकपा एमालेका अइन्द्रसुन्दर नेम्वाङलाई ३ हजार ६७ मत अन्तरले पराजित गर्दै आङ्बो दोस्रो पटक यस निर्वाचन क्षेत्रबाट विजयी भएका हुन् ।

आङ्बोलाई १५ हजार ६ सय ७२ मत प्राप्त भएको छ । उनका प्रतिस्पर्धी एमालेका नेम्वाङले १२ हजार ६ सय ५ मत पाएका छन् ।

पाँचथरको फिदिम नगरपालिका ११ घर भएका ४० वर्षीय आङ्बो २०७४ सालको आम निर्वाचनमा तत्कालीन बाम गठबन्धनका तर्फबाट यही क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । माओवादी केन्द्रका पोलिटब्युरो सदस्य रहेका आङ्बो एक नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री पनि हुन् ।

उनी यस पटक माओवादी केन्द्र, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) केन्द्रका तर्फबाट साझा उम्मेदवार थिए ।

एमालेका नेम्वाङ नेकपा एमालेका केन्द्रीय सदस्य हुन् । उनी २०७० सालमा नेकपा मालेका तर्फबाट संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । आइतबार भएको मतदानमा उक्त क्षेत्रमा ३४ हजार ७ सय १५ मत खसेको थियो ।

घिमिरेलाई महाकाली सन्धी खारेज गर्न नेपालको आग्रह



झापा(प्रस) । झापा क्षेत्र नं २ मा उपविजेता बनेका स्वतन्त्र उम्मेदवार स्वागत नेपालले निर्वाचन जितेका एमालेका देवराज घिमिरेलाई बधाई दिँदै पहिले गरेका महाकाली सन्धी खारेज गरी जनताको अभिमतलाई सम्मान गर्न आग्रह गरेका छन् । उनले सामाजिक संजालमार्फत बधाई दिँदै महाकाली सन्धीलगायतका सबै देशघाती सन्धी सम्झौता खारेज गरी जनताको अभिमतको सम्मान गर्न आग्रह गरेका हुन् ।

'ममार्फत हामीलाई जनताले प्रदान गर्नुभएका हरेक मत एमसिसि, महाकाली सन्धी, जबरजस्ती संविधानमा लादिएका जनघाती र देशघाती संरचना, किसानले आफ्नो उत्पादनको मूल्य प्राप्त नगर्ने शोषणसत्ता, भ्रष्टाचार, अविकास र वेथितिविरुद्धको शान्तिपूर्ण आवाज थियो। र, १२ वर्षअघिदेखि हामीले अदालतबाट उठाउँदै आएको र अदालतबाट जनतालाई दिलाएको राइट टु रिजेक्ट र रिकलको कानुन बनाऊ भन्ने आवाज थियो ' उनले भनेका छन् । आफूले देशघाती र जनघातीविरुद्धको आवाज उठाउन झापा २ बाट स्वतन्त्र उम्मेदवारी दिएर हिजोसम्म सडक र अदालतबाट देश जोगाउन गरेको प्रयत्नलाई संसदसम्म पुऱ्याउने प्रयास गरेको भन्दै उनले जनताले आफूलाई अपार माया दिएर २६४४१ (विजेताभन्दा बाईस सय छपन्न कम) मतसहित उपविजेता बनाइदिएकोमा सम्पूर्ण मतदाताहरुमा सम्मानपूर्वक नमन गर्दै हार्दिक धन्यवाद ज्ञापन गरेका छन् । जनताका ती आवाजहरुलाई आफूहरुले फेरि पनि संगठित रुपमा अघि बढाउने ; अन्यायमा परेकाहरुलाई न्याय दिलाउने र घोषणापत्रमा उल्लेख गरेका अन्य कामहरु व्यक्तिगत तथा सामूहिक रुपमा गर्न व्यवहारमै देखिने गरी कार्यालय नै स्थापना लागिरहने उनले बताएका छन् । उपविजेता नेपालले रकम बाँडेर कतिपय उम्मेदवारहरुले निर्वाचन जितेको दावी गरेका छन् । 'चुनावमा मेरो अनुमानित खर्च मनोनयन दर्ता गर्दा नै ५ लाख लेखेको थिएँ। मैले त्यति पनि खर्च गरिनँ, सरकारले खर्च सीमा ३१ लाख तोकेको थियो, अरु उम्मेदवारहरुले करोडौं खर्च गर्नभयो, रकम बाँड्न हिँडेको अवस्थामा हाम्रा साथीहरूले भेट् नुभयो' उनले भनेका छन् ' तर, हाम्रा साथीहरू आफैँ आफ्नो तेल खर्च गरेर हिँडिदिनुभयो, म आफैँ शाकाहारी साथीहरू पनि सबैले घरमै भेला भएर रुखोसुखो सादा खाना खाएर मसँगै समय दिएर लागिदिनुभयो। यो निर्वाचन अचम्मको भयो, यसरी साँच्चै भन्ने हो भने बिनाखर्च हामीले निर्वाचनमा सफलता प्राप्त गऱ्यौं। साथीहरू सबैलाई कति पनि विचलित नहुन अनुरोध छ। यो हाम्रो हार होइन जित हो। ६५/७० वर्ष इतिहास भएका पार्टीका उम्मेदवारहरुभन्दा थोरै मात्र मतसहित हाम्रो विचारमा सम्पूर्ण सत्ता र शक्ति प्रयोग गर्नेहरु विरुद्ध यो मत प्राप्त हुनु, हामीलाई प्राप्त मत हामीले बुझाउन नसकेको कारण बदर भएकोले पनि संख्यात्मक दृष्टिले प्राविधिक रुपमा निर्वाचित नहुनु ठूलो कुरा होइन, कोही सांसद बनेर देशघाती जनघाती काम गर्छन् हामी अझै पनि त्यसलाई रोक्ने छौं, दृढ बनेर ।'

नेपालले मतदातालाई धन्यबाद दिने कार्यक्रमसहित बिहीवार बिर्तामोड, शनिश्चरे लाइन, महानन्द चोकबाट धन्यबाद ऱ्याली आयोजना गरेका थिए । झापा २ मा स्वतन्त्र उम्मेदवार नेपाललाई २२५६ मतले पराजित गरी एमालेका घिमिरे निर्वाचित भएका हुन् । घिमिरेले २८ हजार ६९७ मत ल्याउँदा नेपालले २६ हजार ४४१ मत पाएका छन् ।

धनकुटामा एमालेको 'क्लिन स्वीप'

झापा(प्रस) । नेकपा एमालेले प्रतिनिधिसभा तथा प्रदेशसभा सबै स्थानमा जीत हात पार्दै जिल्लालाई 'क्लिन स्वीप' गरेको छ ।

प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई क्षेत्र रहेको जिल्लामा नेकपा एमालेले सबै स्थानमा जीत हात पारेको हो । निर्वाचनमा ह्याट्रिक भिडन्त गरेका एमालेका राजेन्द्रकुमार राईले गठबन्धनका तर्फबाट कांग्रेसका उम्मेदवार सुनिलबहादुर थापालाई १ हजार ३ सय ९७ मतान्तरले पछि पार्दै जीत हात पारे ।

राई ३० हजार १०१ मत प्राप्त गरी विजयी भएका हुन् । निकटतम् प्रतिस्पर्धी थापाले २८ हजार ७ सय ४ मत प्राप्त गरेको मुख्य निर्वाचन कार्यालयले जनाएको छ ।

२०७० र २०७४ का निर्वाचनमा समेत दुवै प्रतिस्पर्धी थिए । २०७० मा थापाले जित हात पारेका थिए भने २०७४ मा राई विजयी भएका थिए । मतदातामा यस पटक कसले बाजी मार्ला भन्ने चासो बढेको थियो । सुरुवातदेखि तीव्र प्रतिस्पर्धा रहेकोमा राईले बाजी मार्न सफल भएका हुन् ।

यस्तै,माओवादी केन्द्रका पोलिटब्युरो सदस्य त्यागेर स्वतन्त्र उम्मेदवार भएका हेमराज भण्डारीले तेस्रो स्थान प्राप्त गरे । उनले ५ हजार ९ सय २६ मत प्राप्त गरेका छन् । प्रदेशसभा १ तर्फ एमालेका निरन राई र प्रदेशसभा २ मा सोहि पार्टीका इन्द्रमणी पराजुली विजयी भए । दुवैले दोस्रो कार्यकालका लागि प्रदेशसभामा प्रवेश गरेका हुन् । राईले १७ हजार १८ मत प्राप्त गरी विजयी भए । निकटतम् प्रतिस्पर्धी गठबन्धनका तर्फबाट नेकपा एकीकृत समाजवादीका अर्जुनकुमार राईले १० हजार २ सय २५ मत प्राप्त गरेका थिए ।

जनता समाजवादीका नेता रकम चेम्जोङले ८ हजार २ सय ४७ मत प्राप्त गरेका छन् । जिल्लामा कुल मतदातामध्ये १ लाख १६ हजार ९ सय ९१ मध्ये ६९ हजार ४ सय ९६ अर्थात् ५९ दशमलव ४० प्रतिशत मत खसेको थियो ।

मेचीनगरले ल्यायो नयाँ दमकल

मेचीनगर(प्रस) । झापाको मेचीनगर नगरपालिकाले नयाँ दमकल खरिद गरेर ल्याएको छ । नगरको बजेटबाट ५९ लाख ७७ हजार ७०० रुपैयाँमा आगलागीबाट हुने क्षति न्यूनीकरण गर्नका लागि नगरपालिकाले नयाँ दमकल खरिद गरेको नगर प्रमुख गोपालचन्द्र बुढाथोकीले जानकारी दिए ।

'बिगतमा एउटामात्रै दमकल हुँदा नगरमा आगलागीबाट ठूलो क्षति ब्यहोर्नु परेको थियो' नगर प्रमुख बुढाथोकीले भने,' त्यसलाई न्यूनीकरण गर्नका लागि मेचीनगरमा नयाँ दमकल खरिद गरिएको हो ।'

म्याप इन्टर क्लिनर्स प्रालि काठमाडौंबाट ३५ सय लिटर पानी फ्याल्ने क्षमताको नयाँ दमकल खरिद गरिएको आर्थिक प्रशासन शाखा प्रमुख पदमबहादुर कार्कीले जानकारी दिए । योसंगै अब मेचीनगरमा दुईवटा दमकल भएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

उत्पादन बढाऔं र मितव्ययी बनौं
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

ढुकुटी निर्वाचनमै खर्च

मंसिर ४ को निर्वाचन सम्पन्न हुँदैछ । निर्वाचन जित्ने दल र उम्मेदवारका लागि खुशीको कुरा हो । हार ब्यहोर्नेले दुःख मानिरहेका होलान् । तर,निर्वाचन गराउँदा देशले कति आर्थिक भार ब्यहोर्नु पर्दोरहेछ भनेर सबैले महसुस गरेका छैनन् । राज्यको ढुकुटी सकिनु भनेको नेपाली जनता नै रित्तिनु हो । तीन दशकमै उम्मेदवारको खर्च सीमा ३० गुणाभन्दा बढीले वृद्धि भएको छ । २०५१ सालको निर्वाचनमा उम्मेदवारले गर्ने खर्चको सीमा एक लाख रुपैयाँ थियो ।

देशभरिका प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रलाई पाँच समूहमा विभाजन गरी एक जना उम्मेदवारले २५ देखि ३३ लाख रुपैयाँ खर्च गर्न पाउने खाका प्रस्तुत गर्दा दलका प्रतिनिधिले सहमति जनाए । लगत्तै आयोगले उक्त प्रस्तावलाई स्वीकृत ग–यो ।

प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमा एक–एक जना उम्मेदवारले सीमाभित्र रहेर खर्च गरे वैध खर्च करिब ५० करोड रुपैयाँ हुन आउँछ । प्रतिनिधि सभाको प्रत्यक्षतर्फ मात्रै दुई हजार ४१२ जना उम्मेदवार छन् । औसत प्रतिउम्मेदवार खर्च ३० लाख रुपैयाँ हुन्छ । यसरी संघीय संसद्को प्रत्यक्षतर्फका उम्मेदवारले मात्रै करिब सात अर्ब २३ करोड रुपैयाँ खर्चिने छन् ।

प्रदेश सभा प्रत्यक्षतर्फका उम्मेदवारले १५ लाखदेखि २३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने सीमा राखिएको छ । प्रदेश सभामा तीन हजार २२४ जना उम्मेदवार छन् । प्रदेशका ३३० क्षेत्रकै एक एक जनाले उम्मेदवारले आयोगको सीमाभित्र रहेर खर्च गरे कुल करिब ४५ करोड रुपैयाँ खर्च हुनेछ । औसत उम्मेदवार खर्च करिब १४ लाख रुपैयाँ हुन आउँछ । औसत उम्मेदवार खर्चको आधारमा प्रदेशअन्तर्गत प्रत्यक्षतर्फका सबै उम्मेदवारले गर्ने खर्च करिब चार अर्ब ५० करोड रुपैयाँ हुन आउँछ । प्रतिनिधि सभा र प्रदेश सभाका कुल पाँच हजार ६३६ जना उम्मेदवारले आयोगले तोकेको सीमाभित्रै रहे करिब १२ अर्ब रुपैयाँ खर्च हुन्छ । एकातिर स्वतन्त्र र साना दलका उम्मेदवारले गर्ने खर्च आयोगले तोकेको सीमाभन्दा कम हुनसक्छ भने अर्कोतिर ठूला दलका चर्चित उम्मेदवारले एक करोड रुपैयाँभन्दा बढी खर्च गर्दै आएका छन् ।

यसरी आगामी निर्वाचनमा निर्वाचन आयोग र सुरक्षातर्फ १०/१० अर्ब रुपैयाँ र उम्मेदवारले गर्ने खर्च करिब १२ अर्ब रुपैयाँ गरी ३२ अर्ब रुपैयाँ वैध खर्च हुने अनुमान गरिएको छ । यद्यपि उक्त खर्चमा समानुपातिकतर्फका उम्मेदवारले गर्ने खर्च समेटिएको छैन । निर्वाचनलाई पर्वको रुपमा लिएर रमाउने मात्र नगरौं । बाक्लै गरिने निर्वाचनले नयाँ जनादेश मात्र दिँदैन ,देशलाई नै टाट पल्टाइदिन्छ ।

चुनावका केही सन्देश

• अरुण लम्साल

संविधान जारी भएपछिको दोस्रो आम निर्वाचन सकिएको छ र त्यसको मतगणनाका रिपोर्टहरू आइरहेका छन्। अन्तिम परिणाम आउनुअघिका उम्मेदवारका उछिनपाछिनको क्रमले नेकपा (एमाले) र नेपाली कांग्रेसबीच पहिलो दल कुन हुने भन्नेमा कडा प्रतिस्पर्धा छ। प्रतिस्पर्धाको राजनीतिक पद्धति सुरु भएको झन्डै सात दशकयताका दुई आधार भूत शक्तिका रूपमा पनि कांग्रेस र एमालेले आफूलाई नै सिद्ध गरेका थिए। अहिलेको प्रतिस्पर्धामा पनि यो भन्न सकिन्छ- पहिलो र दोस्रो दल बन्न एमाले र कांग्रेसबीच ५ देखि १० सिटको मात्रै अन्तर हुने निश्चित छ।

यस निर्वाचन परिणामले संकेत गरेको अर्को सत्य के छ भने तेस्रो र चौथो दल बन्नेमा रवि लामिछानेको नेतृत्वमा भर्खरै उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र सत्ता गठबन्धनको बलियो खम्बा नेकपा (माओवादी केन्द्र) बीच प्रतिस्पर्धा छ। यसमा पनि ५ देखि १० सिटको अन्तर हुने देखिन्छ। तेस्रो र चौथो स्थानको प्रतिस्पर्धामा एकातिर च्याडिकल कम्युनिस्ट धार अवलम्बन गरेर आएको माओवादी छ। अर्कोतिर कांग्रेसको उदारवादी राजनीतिको एकछत्र स्पेस भत्काउँदै अर्को पार्टीका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी छ। अहिलेको नतिजाबाट यो चाहिँ भन्न सकिन्छ- समानुपातिकमा एमाले पहिलो र नवोदित राष्ट्रिय स्वतन्त्र पार्टी तेस्रो हुने निश्चित छ।

अहिलेको चुनावी परिणामलाई हेर्दा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीका लागि यो निकै महत्वपूर्ण देखिन्छ। एमालेका लागि, किनभने पाँच पार्टीको बलियो सत्ता गठबन्धनलाई तोडेर पहिलो दल हुन एमालेलाई निकै सकस थियो। राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि किन यो चुनावी परिणाम महत्वपूर्ण रह्यो भने उसले जबर्जस्त रूपमा पुराना दलहरूको राजनीतिक वर्चस्वलाई भत्काएर नयाँ उपस्थिति जनाउनु थियो। एमालेले सत्तामा गोलबन्द भएका दोस्रो, तेस्रो, चौथो र आफूबाट फुटाएर बनाइएको गठबन्धनको घेरा तोड्ने सफलता पाएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले दशकौंदेखि क्रान्ति र सत्ता सञ्चालनको विरासत बोकेका दलहरूको वर्चस्व भत्काउन सफलता प्राप्त गरेको छ।

रवि लामिछानेले नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले स्थानीय तहको निर्वाचनबाट सुरु भएको बालेन र हर्कको पछिल्लो हावालाई गति दिनु थियो, यसमा उनी एक हदसम्म सफल भइसकेका छन्। नेकपा एमालेलाई लामो समयसम्म पार्टीको वर्चस्वशाली नेतृत्व गरेर आफूसँग फुटेर गएका माधव नेपाल र झलनाथ खनालजस्ता नेताहरूको नेतृत्वमा गठित नेकपा (एकीकृत समाजवादी) र माओवादीले कांग्रेससँग मिलेर गरेको आफूविरुद्धको गठबन्धनबाट हुन सक्ने ठूलो क्षतिबाट पार्टीलाई जोगाउनु थियो। एमालेका लागि किन पनि यो ठूलो चुनौती थियो भने ती सबै दलहरू चुनावमा मिल्दा एमाले २०७४ सालमा कांग्रेसको हालतभन्दा कम हुनसक्थ्यो। २०७४ सालको आम निर्वाचनमा नफुटेको सिंगो कांग्रेसले एमाले र माओवादी गठबन्धनसँग पराजित भएर २३ सिटमा सीमित हुनु परेको थियो। त्यसमाथि यसपालि एमालेका विरुद्ध कांग्रेस र माओवादी मात्रै होइन एमालेबाट फुटाएर लगिएका प्रभावशाली नेताहरूले नेतृत्व गरेको दलले पनि गठबन्धन गरेको थियो।

एक हदसम्म एमालेले आफूमाथिको ठूलो चुनौती र घेराबन्दीबाट आफूलाई जोगाएको छ।

विद्यमान निर्वाचन प्रणालीबाट ठूलै हुरी चल्ने अवस्थामा बाहेक कुनै दलको बहुमत प्राप्त हुन सम्भव छैन। यस प्रणालीमा चुनाव लडेर ठूलो दल बन्नु नै ठूलो सफलता हो। २०७४ बाम गठबन्धनले धमाकेदार जित हासिल गर्दा पनि नेकपा (एमाले)ले ठूलो दल हुने मात्रै सफलता प्राप्त गरेको थियो। बहुमत प्राप्त गर्न सकेको थिएन। अहिले नेपाली कांग्रेसले माओवादी केन्द्र र नेकपा एससँग मिलेर ठूलो दल बन्ने उद्देश्यले नै यस पटक गठबन्धन गरेको थियो। ९१ सिटमा मात्रै उसको उम्मेदवारी थियो, बहुमत उसको लक्ष्य थिएन। समानुपातिक कोटाबाट कांग्रेसले त्यसबाट पाउने उच्चतम अनुपात ३४ प्रतिशत मात्रै हुन्थ्यो। अहिले ठूलो दल बन्ने कांग्रेसको त्यो लक्ष्य एक, दुई सिटको मात्रै अन्तरमा रहनेछ। यस पंक्तिकारले अध्ययन गरेअनुसार कांग्रेस र एमाले करिब ८५ देखि ९५ सिटको बीचमा पहिलो र दोस्रो हुने देखिन्छ। यस्तै माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टी २० देखि ३० सिटको बीचमा तेस्रो र चौथो हुने देखिन्छ। यस परिणामबाट यो भन्न सकिन्छ कि माओवादीले पहिला एमालेसँग गठबन्धन गर्दा प्राप्त गरेको ५३ सिटमा आधाभन्दा कम सिट अहिले कांग्रेससँग गठबन्धन गर्दा प्राप्त हुने देखिन्छ। एमालेसँग चोइटिएर २४ सिट लगेको माधव नेपाल नेतृत्वको पार्टीले कांग्रेससँग महागठबन्धन गर्दा पनि ५ देखि १० सिटको बीचमा जित्ने देखिन्छ। आफूले चोइट्याएर लगेको एक चौथाइ पनि जोगाउन नसक्ने माधव नेपाल र एमालेसँगको गठबन्धनबाट प्राप्त सिटको आधा पनि बचाउन नसक्ने प्रचण्ड एकअर्कामा समवेदना बाँड्ने स्थितिमा देखिन्छन्। यो पंक्तिकार पनि उनीहरूलाई सम्मानसाथ सहानुभूति राख्न चाहन्छ।

यसबाट प्रचण्ड र माधव नेपालले यो चुनावबाट केही महत्वपूर्ण कुराहरू बुझ्नुपर्ने देखिन्छ। प्रचण्ड र माधव नेपाललाई कांग्रेस सभापति शेरबहादुर देउवासँग सँगै हिँड्ने चाहना रहे पनि त्यसलाई जनमतले पूर्ण रूपमा खारेज गरिदिएको छ। गठबन्धन गरेर उनीहरूले जसरी जनतासँग मत माग्न गएका थिए, जनताले उनीहरूलाई छुट्टिन आदेश दिए। उनीहरू मिलेर आएको जनताले पटक्कै रुचाएनन्। यसको ठीकविपरीत परिदृश्य थियो २०७४ सालको चुनावमा। वाम गठबन्धन बनाएर गएका एमाले र माओवादीलाई राजनीतिक स्थिरता र विकासको लागि अनुमोदन गरेका थिए। त्यसबेला मतदाताले एमाले र माओवादीलाई मिल्न जनादेश दिएका थिए। तर उनीहरूले बीचैमा फुटेर त्यसलाई उल्लंघन गरे। अहिले बनाइएको नयाँ गठबन्धनलाई भने जनताले छुट्टिन आदेश दिएका छन्। चुनावले गणितमार्फत मूर्त र संकेतमार्फत अर्को सुषुप्त आदेश दिन्छ, त्यसलाई नेतृत्व आफैंले बुझ्नुपर्छ। २०७४ सालको चुनावमा वाम गठबन्धनलाई मतदाताले मिल्न आदेश दिएको उल्लंघन भएजस्तै अहिले सत्ता गठबन्धनलाई अलग हुन दिएको आदेश पनि उल्लंघन हुनु हुँदैन। प्रचण्ड र माधव नेपालले यो भ्रममा पर्नु हुँदैन कि हामी चुनावअघि गठबन्धन गरेर भोट माग्न गएका थियौं, त्यसैकारण यसपछि पनि शेरबहादुर देउवाकै नेतृत्वको गठबन्धनमा अबका पाँच वर्ष रहनुपर्छ। २०७४ सालमा मिल्न दिएको जनादेश नमिलेर भूल भएको थियो, अब जनताले अनुमोदन नगरेको गठबन्धनलाई कायम राखे त्यो झन् महाभूल हुनेछ। यसले अर्को चुनावमा उनीहरूको पार्टी स्वाहा हुने निश्चतप्रायः छ, किनभने राजनीतिक सिद्धान्त र दर्शनका हिसावले बिजातीय एकताको परिणाम नकारात्मक हुन्छ भन्ने यही चुनावले देखाएको छ।

कांग्रेसको वैचारिक रुझानका मतदाताले कहिल्यै पनि माओवादीलाई भोट हाल्न सक्दैनन् भन्ने कुरा माओवादीले सधैंका लागि पाएको छ। अब यसलाई नसच्याएसम्म माओवादीको पुनर्ताजगी सम्भव छैन। अर्कोतिर माधव नेपालले पनि राजनीतिक मुद्दाबिना नै आफ्नो व्यक्तिगत इगोलाई आधार बनाएर पार्टी फुटाउने कदम चाले त्यसलाई जनताले अनुमोदन गरेनन्। आफूले दशकौं लामो नेतृत्व सम्हालेको वैचारिक राजनीतिक धारलाई पक्रिनुमा उनको भलाइ छ भन्ने सन्देश माधव नेपालले यस चुनावबाट पाएका छन्। व्यक्तिगत रूपमा झुन्डिएर आएका कार्यकर्ताको भविष्य सुरक्षित गर्नु उनको दायित्व पनि हो। यस सन्देशलाई बुझ्ने, नबुझ्ने छनोट फेरि पनि माधव नेपालको नै हो।

अर्कोतिर प्रचण्डले चुनावअघि गठबन्धनमा सभाहरूमा गरेका कसलाई प्रधानमन्त्री र कसलाई मन्त्री बनाउने भन्दै सभा नै पिच्छे दिएका आश्वासन पूरा गर्न सक्ने उनको सामर्थ्य छैन। चुनावअघिको उनको भाषणको मुख्य सन्देश नै राजनीति भनेको सधैं खेल खेल्ने र सत्तामा पुग्ने र बाँडेर खाने हो भन्ने मात्रै थियो। सधैं खेल, छल, जुटाऊ, फुटाऊ, भाग लगाऊ र राजनीतिमा सफल होऊ भन्ने खालका कुरालाई तिरस्कार गरेका छन्। अब प्रचण्डले यस चरित्रलाई पुनर्विचार गर्नै पर्छ। राजनीति खेल मात्र हो भन्ने उनको सिद्धान्त अबको समाजमा चल्न सक्दैन। निर्वाचनको यस सन्देशलाई प्रचण्डले बुझे भने अहिलेको परिणाम माओवादीलाई सुरक्षित मार्गमा लैजान प्रेरणादायी छ। चुनावले दिएका यी सन्देशहरूलाई कसले कसरी लिने भन्ने उनीहरूकै मर्जी।

जवाफदेही सरकारमार्फत विकास

• नेत्र सुवेदी 'प्रयास'

वि.सं २०७४ मा प्रतिनिधि सभाको चुनावपछि पाँच वर्ष नबित्दै राजनीतिक खिचातानी, दल विभाजन र शक्तिको ध्रुवीकरण देखिन थाल्यो। संसद् विघटनले वैधता पाएन सत्ता परिवर्तन भयो। बहुमतको सरकार ढलेपछिको गठबन्धन सरकार बन्यो। संवैधानिक प्रावधानबमोजिम पाँच वर्ष व्यतीत भएपछि अर्को मुलुक निर्वाचनमा गयो। २०७९ मंसिर ४ को चुनाव यस्तो समयमा भयो कि जतिबेला देशको अर्थतन्त्र शिथिल रहेको र कमजोर अर्थतन्त्रलाई के कसरी निकास दिने भन्नेमा अन्योलमा रहेको थियो र अद्यावधि त्यस्तो अवस्था कायम छ।

राष्ट्रिय रूपमा मात्र होइन कि स्थानीय रूपमा पनि अनिश्चितता बढ्दै गएको र मानवीय विकासका विभिन्न पक्षमा अग्रगामी अवस्था देखिन सकेन। किसान, व्यवसायी, सेवा क्षेत्रमा कार्यरत कोही पनि ढुक्क र खुसी छैनन्। जग्गा कारोबार, सेयर कारोबार र सवारीसाधनको बजार ओरालो लागेको छ। कोभिड १९ व्यवस्थापनका बखत स्वास्थ्य क्षेत्रमा रहेका असक्षमताहरू मात्र उजागर भएनन् कि रोजगारी, उत्पादन, बजार सबैमा गतिहीनता बढेर गयो। महामारीको असर बाँकी रहँदै गर्दा डेङ्गुको संक्रमण घातक बन्यो जसले गर्दा भर्खर बौराएको पर्यटन क्षेत्रले आशातित गति लिन सकेन। यही परिवेशमा देशमा प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव सम्पन्न भई नतिजा आउने क्रममा छ र केही दिनभित्रै अन्तिम नतिजा आउनेछ।

भनिन्छ कि लोकतन्त्र र पुँजीवादी संरचनामा व्यक्तिको अवस्था र उसको व्यवस्थाप्रतिको विश्वासले विशेष अर्थ राख्छ। विश्वास डगमगायो भने सम्बद्ध संस्था धरमराउँछन्। हाम्रो सन्दर्भमा पनि अहिले संविधानप्रदत्त राजनीतिक संरचनालाई जीवन्त बनाइराख्न चुनाव अपरिहार्य छ र यसको पक्षमा जनमत व्यक्त हुँदा ती संस्थाहरूलाई सबलीकरण गर्न बल मिल्छ। यही वर्षको वैशाखमा स्थानीय तहको चुनाव भई दोस्रो कार्यकाल प्रारम्भ भइसकेको छ भने अब निर्वाचित हुने बाँकी दुबै तहका संसद्ले मुलुकका समस्या समाधान गर्न सक्छन् भन्ने आशा सिर्जना हुनेछ। प्रत्येक कठिन अवस्थामा मुलुकलाई हाँक्न कुशल नेता आवश्यक पर्छ। कुशल नेतामा संयोजनकारी, व्यवस्थापकीय कौशलयुक्त र निरन्तर सिर्जनात्मक काममा लागिपर्ने गुणहरू भएका उम्मेदवार निर्वाचित भए देशका लागि श्रेयस्कर हुन्छ। यसको साथै राजनीतिमा नेतृत्व विकास र नेतृत्वको पुस्तान्तरण पनि आवश्यक छ। यो विषयलाई आमजनताले पनि चासोका साथ हेरिरहेका छन्।

मुख्य कार्यसूची

निर्वाचित भएर आउने जनप्रतिनिधिका लागि र अब बन्ने सरकारका लागि कार्यसूचीमा समावेश हुने केही समसामयिक केही विषयका सम्बन्धमा चर्चा गर्नु प्रासङ्गिक हुन्छ। जनप्रतिनिधिमध्ये केही व्यक्ति सरकारमा रहलान्। केही दल र व्यक्ति प्रतिपक्षमा रहने वातावरण बन्ला। सत्तापक्ष वा विपक्ष जता भए पनि संसद् र संसदीय समितिमा रही रचनात्मक भूमिका खेल्न संविधान र अन्य प्रचलित कानुनले मार्ग प्रशस्त गरेकै छन्। महत्वका साथ सुधार गर्नुपर्ने र त्यसका लागि नयाँ ऐनसमेत जारी गर्नुपर्ने क्षेत्र शिक्षा हो। सिर्जनशील क्षमता निर्माण र उत्पादनमा सहभागी हुन इच्छुक जनशक्ति तयार पार्नुपर्ने समयको माग छ। अर्कोतर्फ उच्च शिक्षामा राजनीतिकरण नै प्रमुख बाधक बनेको छ। यसका लागि राजनीतिक नेतृत्वले साझा प्रतिबद्धता ल्याउन सक्नुपर्छ। त्यस्तै स्वास्थ्य क्षेत्रमा व्यवस्थापकीय समस्या छन्। खटाएको स्थानमा गई सेवा गर्ने जस्तो आधारभूत अनुशासन पालना गराउने र नियमित निगरानी आवश्यक छ। सहरबजारमा दरबन्दीभन्दा धेरै जनशक्ति हुनु र दुर्गममा न्यूनतम जनशक्ति पनि नहुने समस्या छ। सरुवा गराउनमा राजनीतिक व्यक्तिहरूको चासो देखिन्छ। यसबाहेक पनि आधारभूत उपचारका साथै विशेषज्ञ सेवाको उपलब्धतामा सहजीकरण गर्न सरकारी र निजी स्वास्थ्य संस्थाबीच सकारात्मक प्रतिस्पर्धाको वातावरण बनाउनुपर्छ। देशभरिकै जनशक्ति व्यवस्थापनलाई दिशाबोध गर्ने संघीय निजामती सेवा ऐनको तर्जुमा पनि अति आवश्यक कामका रूपमा देखापरेको छ।

पूर्वाधार निर्माण र मर्मत सम्भारले ठूलो धनराशिको माग गर्छ। आवश्यकता र औचित्यता विश्लेषणसहितको गुणस्तरीय पूर्वाधार आजको खाँचो हो। पूर्वाधार निर्माणमा प्रतिस्पर्धा तर गुणस्तर कायम गर्न तथा मर्मतसम्भारमा कम चासो देखिँदै गएको छ। खासगरी ग्रामीण क्षेत्रमा सडक पूर्वाधारका नाममा वातावरणलाई बेवास्ता गरिएको छ। सबै गाउँ तथा बस्तीमा सडक पुग्दैन। सडक वरिपरि बस्ती बस्ने हो तर यो विषयलाई पनि नजरअन्दाज गरिएको छ। गम्भीर भएर नीतिगत समाधान खोज्नु आवश्यक छ। पूर्वाधार संरचनाहरूको गुणस्तर परीक्षण/नियन्त्रणका लागि प्रदेश स्तरमा विशिष्टिकृत र स्थानीय तहको पायक पर्ने स्थानमा आधारभूत तहको निर्माण सामग्री परीक्षण प्रयोगशाला सञ्चालन गरिनुपर्छ। निजी तवरबाट सञ्चालित प्रयोगशालालाई पनि निगरानीसहित सञ्चालन गरिनुपर्छ। यसबाहेक निर्माण कार्य, आपूर्ति कार्य, सञ्चालन कार्यलाई समयमा सम्पादन गर्ने विषयलाई केन्द्रबिन्दुमा राखिनुपर्छ। सम्झौता अगाडि नै समयमा कार्यसम्पादन गर्ने चित्तबुझ्दो प्रतिबद्धता माग गरिनुपर्छ। समयजस्तो दुर्लभ स्रोतउपर खेलबाड गरिनु हुँदैन।

संघीयताको कार्यान्वयन सफल हुनका लागि संविधानले व्यवस्था गरेबमोजिमका शासकीय एकाइको सफल सञ्चालन आवश्यक छ। प्रदेश तहको औचित्य प्रमाणित गर्ने गरी केन्द्रले अधिकार र स्रोत हस्तान्तरण गर्न ढिला गर्न हुँदैन। त्यसैगरी, स्थानीय तहबाटै हुने खालका सेवा प्रवाहका काममा प्रदेशले समानान्तर ढङ्गको खर्च गर्नु उपयुक्त हुँदैन। स्थानीय तहहरूको सुसञ्चालनका लागि एकभन्दा बढी स्थानीय तहबीच साझेदारी गरी सम्भव हुने दमकल, चिस्यान घर, हाटबजार, नदी किनार सौन्दर्यकरण तथा तटबन्ध सम्बन्धमा संयुक्त रूपमा पहिचान तथा लागत साझेदारी गर्दा प्रभावकारी हुने विषयलाई प्रदेश तहबाट सहजीकरण गर्नु श्रेयस्कर देखिन्छ। साथै स्थानीय तहमा विज्ञहरूको समूह बनाई समय समयमा संवाद गर्ने र कार्यपालिकाले गर्ने निर्णयलाई परिपक्व बनाउनुपर्छ। स्थानीय तहका नयाँ निर्वाचित टिमले उत्पादन वृद्धि र आर्थिक समृद्धिको विषयलाई केन्द्रबिन्दुमा राखेर स्रोतको सही व्यवस्थापन गर्न ढिलाइ गर्नु हुँदैन। स्थानीय आर्थिक विकासको मोडल नेपालका लागि उपयुक्त हुने देखिन्छ। देशभित्र, प्रदेशभित्र, स्थानीय तहभित्र सम्भव हुने आयआर्जन र रोजगारीका अवसरको सदुपयोग गरी आर्थिक विकास गर्ने कार्य जसलाई स्थानीय आर्थिक विकास भन्ने गरिन्छ यसका लागि स्थानीय आर्थिक विकासका आयामहरू र सूचक तयार गरी प्रयोगमा ल्याउनुपर्छ।

परम्परागत उत्पादन प्रणाली विद्यमान रहेको हाम्रोजस्तो देशमा कृषि तथा पशुपालनको व्यावसायिकता र आधुनिकीकरणको विकल्प छैन। नवप्रवर्तनसहितको व्यावसायिकता आजको माग हो। नवीन खालका व्यावसायिक फर्म खोलेर स्थान विशेषअनुसार पनि कृषिजन्य कार्य र पशुपालनका मोडल फरक हुन सक्छन्। भूउपयोगको योजना पनि आधारभूत विषय हो। क्षमता विकास, प्राविधिक सल्लाह, बजार व्यवस्थापन, सार्वजनिक निजी संयुक्त योजना, उत्पादनमा रोगव्याधि लाग्दा तत्काल विशेषज्ञ सेवाको प्रत्याभूति, देशभित्रै राम्रो मात्रामा उत्पादन भएको कृषिजन्य पदार्थ विदेशबाट नल्याउने सम्बन्धमा निर्मम खालको नियन्त्रणकारी प्रबन्धसमेत आवश्यक छ।

संस्थागत विकास बिना हाम्रा शासकीय तहहरू सफल हुँदैनन्। दिगो विकास लक्ष्य प्राप्तिका लागि पनि यो अनिवार्य छ। योजना र बजेट मात्र पनि सही ढङ्गले तयार गरी कार्यान्वयनमा लैजान सकियो भने पनि कतिपय समस्या निरूपण हुन्छन्। तिनै तहको योजना र बजेट निर्माण पद्धतिलाई सरल, बोधगम्य र तुलनायोग्य बनाउन पहल गर्नुपर्छ। यसका लागि संघले प्रदेशलाई र स्थानीय तहलाई पनि सहजीकरण गर्न जरुरी छ। सबै तहको आआफ्नो र एकीकृत तथ्याङ्क प्रणाली विकास गर्न आवश्यक छ।

सार्वजनिक सेवा प्रवाह र सुशासनका लागि भनेर होइन गरेर देखाउने समय आएको छ। एकीकृत सेवा प्रवाह र जनमुखी मोडलहरू लागू गर्नका लागि सूचना तथा सञ्चार प्रविधि तथा मोबाइलको प्रयोग सहयोगी बन्न सक्छ। संघ, प्रदेश, स्थानीय तहका सेवाप्रदायक संरचनाको विश्लेषण गरी कम खर्चमा र सेवाग्राहीलाई सरल, सहज हुने गरी संरचनाको प्रारूप र कार्यप्रणाली अपनाइनुपर्छ। यसका लागि सूचना तथा सञ्चार प्रविधिको बढीभन्दा बढी उपयोग गरिनुपर्छ। संविधानको मर्मबमोजिम तल्लो तहमा जानुपर्ने अधिकार, स्रोत र संरचना हस्तान्तरण गर्न ढिलाइ गर्नु हुँदैन। संघीयता भनेको विकेन्द्रीकरणको आदर्श रूप पनि हो। स्थानीय सम्भावनाहरूको खोजी गर्न र स्रोत साधनको सही सदुपयोगबाट जनपक्षीय नतिजा ल्याउनमा संघीय संरचनाहरू सहयोगी हुनुपर्ने हुन्छ। यही दिशामा अब निर्वाचित जनप्रतिनिधिहरूले आफू, आफ्नो दलको स्वार्थभन्दा माथि राष्ट्रिय स्वार्थलाई राखी काम गर्नुपर्ने हुन्छ। जनसरोकारका अन्य विषय पनि छन्। तत्काल चर्चामा रहेको राष्ट्रिय विषय भनेको अर्थतन्त्रलाई चलायमान गराउनु रहेको छ। अन्तर्राष्ट्रिय तहमा समेत सबाल बनिरहेको जलवायु संकटको विषयलाई हाम्रो सन्दर्भमा अनुकूलन र न्यूनीकरणका उपाय अवलम्बन गर्नुपर्नेछ। वातावरण संरक्षण र विपत् जोखिम न्यूनीकरणलाई प्राथमिकता दिनुपर्नेछ।

मंसिर ४ को चुनावको नतिजा आउँदै गर्दा के कसरी आगामी शासन सत्ता चल्छ भन्ने त विविध प्रक्षेपणहरू आइरहेका छन् र अन्य विविध अनुमान पनि होलान्। तर जुनसुकै दल वा जोसुकै व्यक्तिले चुनाव जितेर सत्तामा आए पनि प्रमुख दायित्व भनेको राज्यका प्रमुख तीन अङ्गलाई क्रियाशील बनाउने र नागरिक सर्वोच्चतालाई चुनावपछि पनि अवलम्बन गर्दै जवाफदेही सरकारमार्फत दिगो विकास र उत्पादनमूलक अर्थतन्त्रलाई बढावा दिनु नै हो।

सरकारको आम्दानीभन्दा खर्च बढी

८ प्रतिशत माथि पुगेको छ।' आयात खुल्नेबित्तिकै स्थिति बिग्रिने उनले स्पष्ट पारे।

समग्र अर्थतन्त्रमा बाह्य क्षेत्रको दबाब केही मात्र कम भएको केन्द्रीय बैंकका प्रवक्ता डा.गुणाकरण भट्ट बताउँछन्। शोधनान्तर बचतमा सुधार भए पनि जति पनि आयात गर्न सकिने अवस्था नभएको र अर्थतन्त्रलाई अझै पनि नियन्त्रणमा नै राख्न आवश्यक रहेको उनको भनाइ छ। भन्छन्, 'अन्तर्राष्ट्रिय परिस्थिति पनि अनिश्चित भएको बेलामा हामीले सतर्कता अपनाइरहनु पर्ने केन्द्रीय बैंकको बुझाइ छ।'

भूकम्प र कोरोना अघिका वर्षहरूमा सरकारको वित्तीय दायरा पर्याप्त थियो। सरकारले मज्जासँग खर्च गर्न सक्थ्यो। तर, अहिले सरकारको वित्तीय दायरा साँघुरिँदै गएको छ। सरकारको ऋण भार कुल गार्हस्थ्य उत्पादनको साढे ४१ प्रतिशत पुगेको छ। त्यसमध्येमा साढे २१ प्रतिशत वैदेशिक र २० प्रतिशत आन्तरिक ऋण हो। वैदेशिक ऋण कुल गार्हस्थ्यको ३३ प्रतिशतभन्दा बढाउन नसक्ने कानुन रहेको पूर्वअर्थसचिव रामेश्वर खनाल बताउँछन्। आन्तरिक ऋण पनि बढ्दै गएको छ। धेरै बढायो भने पनि त्यसले वित्तीय स्थायित्व खलबलाउने उनको तर्क छ। सरकारको राजस्व घटेको छ। भन्सारको राजस्व आयातमा कडाइका कारण घटेको विज्ञ बताउँछन्। कुल आयात विगत वर्षको तुलनामा कात्तिक मसान्तसम्म १८ प्रतिशतले घटेको छ। र, आयातमा लाग्ने भन्सार पनि ३५ प्रतिशतले घटेको छ। तर, आन्तरिक रूपमा उठ्नुपर्ने कर पनि घटेको तथ्यांकले देखाउँछ। भन्सार ३५, आयकर ११ र मूल्य अभिवृद्धिकर पनि ११ प्रतिशतले घटेको छ।

सेयर र घरजग्गा कारोबारमा आएको मन्दीका कारण पुँजीगत लाभकर पनि १२ अर्बले घटेको आन्तरिक राजस्व विभागका महानिर्देशक रितेश शाक्य बताउँछन्। यस्तो अवस्था रहने हो भने राजस्वको अर्धवार्षिक लक्ष्य हासिल गर्न चुनौती



रहेको शाक्यको भनाइ छ। चालू आर्थिक वर्षको ६ महिनामा १ खर्बभन्दा बढी राजस्व संकलनको लक्ष्य आन्तरिक राजस्वलाई छ।

सरकारले अहिले गर्न सक्ने खर्चमा मितव्ययिता ल्याउनुपर्ने अर्थविद् बताउँछन्। 'चुनावी खर्च आवश्यक हो तर त्यसपछि सरकारले जथाभावी खर्च गर्ने र रकमान्तर गर्न भएन,' पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, 'खर्च बढी गरेर आन्तरिक ऋण उठाउन पऱ्यो। र, वित्तीय घाटा बढेर गयो भने त्यसले पनि मुद्रा आपूर्ति बढाउँछ। ऋणको सीमा बढ्छ। ओभरड्राफ्ट बढ्छ। यसले गर्दा बजारमा थप तरलता अभाव हुन्छ।'

सरकारले अर्थतन्त्र सुधारमा ध्यान नदिएका कारण सूचकहरू दबाबमा परेको पूर्वअर्थमन्त्री युवराज खतिवडा बताउँछन्। आयात बन्द गर्नु, कर्जा बन्द गर्नु, कलकारखाना बन्द हुनु, पुँजी नहुनु भनेको आर्थिक मन्त्रीको संकेत भएको उनको भनाइ छ। 'अलिकति विदेशी मुद्रा बच्यो रे भनेर अर्थतन्त्रमा सुधार भयो भन्न मिल्दैन। अर्थतन्त्र सुधार हुनु भनेको आर्थिक वृद्धि हुनु हो। खै भएको छ र ?' उनी प्रश्न गर्छन्।

राजस्व घट्नु समस्या भए पनि त्योभन्दा ठूलो समस्या भनेको व्यवसाय ठप्प हुनु रहेको विज्ञहरूको भनाइ छ। मुलुकको व्यवसाय सबै ठप्प भएका छन्। आन्तरिक पर्यटन, सेयर कारोबार, घरजग्गा कारोबार ठप्प प्रायः छ। उद्योग कि बन्द हुँदैछन्, कि कम क्षमतामा सञ्चालनमा छन्। यसले रोजगारीमा के असर पर्छ ? आर्थिक वृद्धिमा के असर पर्छ ? भन्ने प्रश्न छ। सबै क्षेत्रको सन्तुलित तवरले सुधार हुँदै गएर, निर्यात बढेर शोधनान्तर बचत हुनुपर्नेमा आयात कडाइ गर्दा भएको बचतलाई राम्रो भन्न नमिल्ने खतिवडा बताउँछन्।

राष्ट्र बैंकले बाह्य क्षेत्र सन्तुलन बनाउन खोज्दा वित्तीय जोखिम झन् बढेर गएको देखिएको छ। तरलताका कारण बैंकमा निक्षेप छैन भने कर्जा प्रवाह पनि हुन सकेको छैन। कर्जा विस्तारलाई नियन्त्रण गर्न भन्दै राष्ट्र बैंकले ल्याएको चालू पुँजी कर्जासम्बन्धी कार्यविधिका कारण उद्योगी व्यवसायी थप मारमा परेका छन्।

एकातिर पुनर्कर्जाको सुविधालाई हटाइएको छ भने अर्कोतिर कर्जाको प्रयोगलाई पनि नियन्त्रण गरिएको छ। त्यसको सिधा असर उद्योगमा परेको छ। अहिले ४० प्रतिशतभन्दा बढी उद्योग क्षमताभन्दा कम उत्पादनमा झरेका छन्। निर्माणसम्बन्धी उद्योगहरू सबैभन्दा बढी प्रभावित भएको अवस्था पनि अहिले कै हो।

क्षमताको ३० प्रतिशत उत्पादनमा उद्योगहरू झरेको नेपाल उद्योग वाणिज्य महासंघ उद्योग समिति सभापति भरत आचार्य बताउँछन्। उत्पादनको बिक्री नै नहुँदा कसरी उद्योग चल्ने भन्ने प्रश्न उनको छ। देश आर्थिक मन्दीतिर जाँदैछ। निर्वाचनपछि आउने सरकारले पहिलो दिनबाट नै अर्थतन्त्र सुधारमा काम गर्नुपर्छ। भुक्तानी सन्तुलन सप्रिन थाल्यो नि भनेर बस्ने हो भने देश गहिरो आर्थिक मन्दीतर्फ जाने पूर्वअर्थमन्त्री खतिवडाको भनाइ छ।

वस्तु आयात प्रतिबन्धले चुनौती

डा.चिरञ्जीवी नेपाल, पूर्वगभर्नर

प्रतिबन्ध गरिएको आयात खुलाएपछिको स्थितिपछि मात्र सुधार कसरी गर्ने भन्न सकिन्छ। अहिले १३ सयभन्दा बढी वस्तुको आयात रोक्दा केही मुद्रा सञ्चिति बढेको हो। विदेशी सहयोग करिब ८० अर्ब आएर पनि विदेशी मुद्रा सञ्चितिमा राहत पुगेको हो। कहिलेसम्म वस्तु आयातमा प्रतिबन्ध लगाउने भन्ने अहिलेको अर्थतन्त्रको चुनौती हो।

कोभिडपछि तुरुन्तै कर्जा विस्तार अत्यधिक भयो। त्यतिबेला मौद्रिक नीतिले १९ प्रतिशत कर्जा विस्तारको सीमा तोक्दा तोक्दै ३४ प्रतिशतसम्म कर्जा विस्तार हुँदा भएको पैसा सबै गयो। निक्षेप बढाउने सन्दर्भमा पनि १० प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने नियमले पैसा बैंकमा जम्मा हुन सकेन। अमेरिकी डलरको मूल्यवृद्धि र युद्धका कारण भएको खाद्यान्न अभाव जस्ता कारणले पनि नेपालको अर्थतन्त्रलाई असर गऱ्यो।

सरकार र राष्ट्र बैंकले नीतिगत परिवर्तन गर्नुपर्छ। यही नीतिलाई अवलम्बन गर्दा अर्थतन्त्र अघि बढ्न सक्ने स्थिति हुँदैन। व्यापार-व्यवसाय छैन। ठूला आयोजनाको निर्माण ठप्प छ। निजी क्षेत्रले लगानी गर्ने वातावरण छैन। बैंकमा पैसा छैन। राजस्व कम उठेको छ। निर्यात ठप्प छ। पर्यटन बढ्न सकेको छैन। विप्रेषण केही बढेर मात्र स्थिति सहज जस्तो देखिए पनि अर्थतन्त्र दबाबमा परेको छ।

राजस्व संकलन र खर्च सन्तुलित भएन

डिल्लीराज खनाल,अर्थविद्

क्राइसिसको बेलामा मौद्रिक र वित्तीय नीतिलाई एकाअर्कामा सन्तुलित बनाएर अघि बढ्नुपर्ने हुन्छ। अहिले हाम्रो वित्तीय नीति पनि काम लागेन। राजस्व पनि उठेन। खर्च पनि ठीक ढंगले भएन। उठेको राजस्व पनि ठीक ढंगले खर्च भएको छैन। पुँजीगत रूपमा राजस्व खर्च नभई सरकारको चालू खर्च मात्र भयो। यसले अर्थतन्त्रमा असर गऱ्यो। निजी क्षेत्र लगायतका स्टेकहोल्डरलाई उत्प्रेरित गर्ने काम पनि भएन। यही समयमा मौद्रिक नीतिलाई एकपक्षीय रूपमा मात्र हेरियो यो समस्या हो।

केही कसिलो मौद्रिक नीति ल्याउनुपर्थ्यो। मौद्रिक नीतिको सबैभन्दा बलियो पक्ष भनेको पुँजी प्रवाहलाई नियन्त्रण गर्नेगरी ब्याजलाई राख्नुपर्थ्यो। ब्याजदर बढाइयो भने चालू पुँजी अनुपातलाई घटाइयो। तर, त्यसले पार्ने सम्भावित समस्यालाई ध्यान दिइएन।

ब्याजदर बढेपछि पुँजीको लागत बढ्ने भयो। पुँजीको लागत बढेपछि निजी क्षेत्रको लगानी संकुचन हुने भयो। कारोबार लागत बढ्ने भयो। यसले अर्थतन्त्रमा धक्का पऱ्यो र आपूर्ति पक्षमा प्रतिकूल असर पऱ्यो। सानादेखि ठूला उद्योग सबैतिर लागत बढ्नेदेखि लिएर रोजगारी, माग र उत्पादनमा कटौती गर्नुपर्ने अवस्थाको सिर्जना भयो। अब बन्ने सरकारले मौद्रिक नीति र सरकारको वित्त नीतिलाई एकअर्कामा परिपूरक बनाउनुपर्छ।

आपूर्ति संयन्त्रमा असर

रवि सिंह,अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ

चालू वर्षदेखि नै निर्माण उद्योग प्रभावित छ। सरकारको राजस्व कम उठेको छ भने सरकारले भुक्तानी प्रक्रियालाई लम्ब्याउँदा बजारमा पैसा आउन सकेको छैन। अग्रिम भुक्तानी बापतको २० प्रतिशत रकम पनि सरकारले भुक्तानी गरेको छैन। आर्थिक मन्दीकै कारणले सप्लाइचेनमा असर गरेको छ। निर्माणका क्रममा आवश्यक सामानहरू कम्तीमा ९० दिनसम्मको क्रेडिट फेसिलिटीमा उपलब्ध हुन्थ्यो। तर, अहिले बैंकमा तरलता अभावका कारण सबै सामानहरू नगदमा नै कारोबार गर्नुपर्ने बाध्यता छ। अहिले धेरै निर्माण सामग्रीहरू सतप्रतिशत मार्जिनमा प्रतितपत्र खोल्नुपर्ने भएको छ। सरकारले निर्माण उद्योगलाई चलायमान हुने हो भने बजारमा पैसा आउने र रोजगारी सिर्जना हुनेलगायतका अर्थतन्त्रका अवयवहरू पनि चल्ने थिए।

कोस्टारिकाको पोस्टमा स्पेनको ७ गोल

एजेन्सी । बार्सिलोनाका १८ वर्षीय मिडफिल्डर गावीको उत्कृष्ट प्रदर्शनको सहयोगमा स्पेनले कोस्टारिकालाई ७-० ले हराएर बुधबार विश्वकप २०२२ मा उत्कृष्ट सुरुवात गरेको छ ।

अल थुमामा रंगशालामा गावीको प्रदर्शन लोभलाग्दो रह्यो र उनले ७४ औं मिनेटमा गोल पनि गरे । स्पेनले आकर्षक पास खेल्दै निक्कै उच्चस्तरको फुटबल प्रदर्शन गर्यो । युवा र युरो २०२० को सेमिफाइनल पुगेको टिमका खेलाडीले भरिएको स्पेनी टिमको छोटो पास र सटिक आक्रमणसामु कोस्टारिका निरिह रह्यो । स्पेनको सात गोलमा सबभन्दा उत्कृष्ट गावीकै रह्यो । उनी ब्राजिली लिजेन्ड पेलेपछि विश्वकपमा गोल गर्ने दोस्रो कान्छो खेलाडी भए ।

सन् २०१० को विश्वकप विजेता स्पेनको फराकिलो जितमा ड्यानी ओल्मोले ११ औं मिनेटमै गोलको खाता खोलेका थिए । मार्को एसेन्सियोले २१ औं मिनेटमा अग्रता दोब्बर बनाए । फेरान टोरेसले दुई गोल गरे । उनले ३१ औं मिनेटमा पेनाल्टीमार्फत आफ्नो पहिलो गोल गरे भने दोस्रो गोल ५४ औं मिनेटमा गरे । त्यसपछि गावीको निक्कै नै उत्कृष्ट गोल निस्कियो । कार्लोस सोरेसले ९० र अल्बारो मोराटाले इन्जुरी समयमा गोल गरेपछि स्पेनको ७-० को जित सम्भव भयो ।

क्यानडाविरुद्ध बेल्जियमको कठिन जित

एजेन्सी । मिची बात्सुयीको गोलमा बेल्जियमले क्यानडालाई १-० ले हराएर बुधबार विश्वकप २०२२ मा विजयी सुरुवात गरेको छ ।

अहमद बिन अली रंगशालामा भएको प्रतिस्पर्धामा बात्सुयीले खेलको एकमात्र गोल ४४ औं मिनेटमा गरेका थिए । त्यसमा उनले

टोबी एल्डरवेइरेल्डको चलाखीपूर्ण पास उपयोग गरेका थिए । अघिल्लो विश्वकपमा तेस्रो स्थानमा रहेको बेल्जियमले ३६ वर्षपछि विश्वकपमा पहिर्क एकोे क्यानडाविरुद्ध जित हात पार्न कठिन संघर्ष गर्नुपर्यो । खेलको सुरुआतमै पाएको पेनाल्टीमा चुकेपछि क्यानडा अंक जोड्न असफल भएको हो । अल्फोन्सो डेभिसले ११ औं मिनेटमा प्रहार गरेको पेनाल्टीमा गोलकिपर टिबाउट कोर्टयसले बल रोक्दै बेल्जियमको संटक टारेका थिए ।

खरेल र कोइरालाले विजेतालाई बधाई दिए

मेचीनग(प्रस) । झापा-१ मा उपबिजेता बनेका नेकपा एमालेका स्थायी कमिटी सदस्य अग्नि खरेल र केन्द्रीय सदस्य रबिन कोइरालाले बिजेताहरुलाई बधाई दिएका छन् । झापा-१ मा प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र प्रदेश-१ मा नेपाली कांग्रेसकै गोपाल तामाङलाई बिहीवार भेटेर उनीहरुले बधाई

दिएका हुन् । यसैगरी सोमबार साँझ मतपरिणाम घोषणा भएपछि एमाले उम्मेदवारद्वय खरेल र कोइरालाले नेकपा एमालेलाई मत प्रदान गर्ने मतदाता, चुनाव प्रचारमा खटिने इमान्दार कार्यकर्ता, निर्वाचन कर्मचारी, सुरक्षाकर्मी र सञ्चारकर्मीलाई विज्ञप्ति जारी गरेर हार्दिक आभार व्यक्त गरेका छन् ।

आगामी दिनमा झापा-१ का जनताको पक्षमा सदैव अग्रणी भूमिका निर्वाह गर्ने विज्ञप्तिमा उल्लेख छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANAMMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

वृष — आँटेको र ताकेको कार्य पुरा होला । कूटनीतिक नियोगको सहयोग मिल्नेछ ।

मिथुन — आज महत्वपूर्ण अवसर गुम्न सक्छ । आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

कर्कट — चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

सिंह — आज इच्छा र आकांक्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ ।

कन्या — मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

तुला — अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ ।

वृश्चिक — आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

धनु — आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ ।

मकर — अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

कुम्भ — घरमा कुटुम्बको आगमन हुनसक्छ । प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ ।

मिन — आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ ।